नेपाल सरकार

## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

### प्रेस विज्ञप्ति

आज मिति २०७५ साल बैशाख १२ गते बुधबार माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पाण्डितज्यूको अध्यक्षतामा आ.व.२०७४/०७५ को दोश्रो प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भयो। उक्त बैठकमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव(सङ्घीय मामिला) श्री दिनेश कुमार थपलिया, सचिव(सामान्य प्रशासन) श्री शंकर प्रसाद कोइराला, सह-सचिवहरु, विभागका महानिर्देशकहरु, कार्यकारी निर्देशकहरु, अर्थ मन्त्रालय, कार्यक्रम/आयोजनाका प्रमुख, अन्य कर्मचारी र विभिन्न संचार माध्यमका संचारकर्मीहरु समेतको उपस्थिति रहेको थियो।

उक्त अवसरमा मन्त्रालयका सह-सचिव श्री पुरुषोत्तम नेपालले कार्यक्रमको उद्देश्य एवं मन्त्रालय र अन्तर्गतका निकाय, कार्यक्रम तथा आयोजनाको समग्र प्रगति प्रस्तुत गर्दै आ.व. ०७४/०७५ को लागि साविका सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयतर्फ विनियोजित रकम रु ८१ अर्ब ८७ करोड तथा साविकको सामान्य प्रशासन मन्त्रालयतर्फ विनियोजित रकम रु १ अर्ब १० करोड गरि कुल जम्मा ८२ अर्ब ९७ करोड बजेटको दोश्रो चौमासिक सम्मको भौतिक तथा वित्तिय प्रगति विवरण प्रस्तुत गर्नु भएको थियो। उहाँले यस आ.व.को दोश्रो चौमासिकमा प्राप्त भएका प्रमुख उपलब्धीहरुको वारेमा उल्लेख गर्दे कार्यक्रम तथा आयोजना कार्यान्वयनका क्रममा देखापरेका समस्याहरुको पहिचान गरी सोको समाधानका लागि सुझाव सहितको विकल्पहरु समेत प्रस्तुत गर्नु भयो। उहाँले प्रस्तुत गर्नु भएको विवरणमा सम्बन्धित विभागीय प्रमुखहरुले थप स्पष्ट पार्नुभयो। मन्त्रालयको प्रस्तुतीको क्रममा उपस्थित सहभागीले राख्नुभएको जिज्ञासा तथा सवालहरुको सम्बन्धमा सम्बन्धित महाशाखा प्रमुख, महानिर्देशक र सम्बन्धित कार्यक्रम तथा आयोजना प्रमुखहरुले स्पष्ट पार्नुभएको थियो।

सो अवसरमा अर्थ मन्त्रालयका प्रतिनिथि श्री चन्द्रकुमार श्रेष्ठले बजेट तथा वित्तीय प्रगतिको सन्दर्भमा मन्त्रालयको धारणा राख्नुभएको थियो। मन्त्रालयका सचिव (सामान्य प्रशासन) श्री शंकर प्रसाद कोइरालाज्यूले राष्ट्रसेवक कर्मचारीलाई खटाईएको ठाँउमा गई ईमान्दारीका साथ पेशागत मर्यादा उच्च हुने गरी कार्य गर्न प्रेरित गर्नुभएको थियो। साथै उहाँले बेरुजु कम गर्ने गरी आर्थिक ऐन नियम बजोमिम काम गर्नका लागि जोड दिनुभयो। सचिव (संघीय मामिला) श्री दिनेश कुमार थपिलयाज्यूले स्थानीय तहहरुबाट भएका विकास निर्माण कार्यको रिपोर्टिङ्ग संयन्त्र नहुदाँ सम्पादन भए वमोजिमको कार्यको प्रगति देखाउन नसकिएको व्यहोरा उल्लेख गर्दे यथासक्य छिटो सबै स्थानीय तहमा विद्युत, ईन्टरनेट, बैङ्क लगायतका पूर्वाधार स्थापना गरी रिपोर्टिङ्गको प्रबन्ध गर्नुपर्नेमा जोड दिनुभयो। साथै उहाँले सबै तहका सरकारले पूर्वाधार मापदण्ड निर्माण गरी ठोस र पुंजी निर्माण गर्ने कार्यक्रममा पुंजीगत लगानी बढाउनु पर्नेमा जोड दिनुभयो।

कार्यक्रमको समापनको अवसरमा माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितज्यूले परिणाम देखिने गरी काम गर्न सबै राष्ट्रसेवक कर्मचारीलाई निर्देशन दिनुभयो। परिवर्तित सन्दर्भलाई आत्मसाथ गर्दै खटाईएको कार्यक्षेत्रमा ईमान्दारीका साथ कार्य सम्पादन गरी राष्ट्रसेवामा लाग्नको लागि निर्देशन समेत दिनुभयो।

२०७५।१।१२

सह-सचिव
(पुरुषोत्तम नेपाल)
योजना तथा विकास सहायता समन्वय महाशाखा
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

मितिः २०७५ साल वैशाख १२